आ.व. २०८१/०८२

बैठक संख्या ७

आज मिति २०८१/०९/०९ गते मंगलवारका दिन दिँउसो ३:०० बजे यस रामपुर नगर कार्यपालिकाको सातौ कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोख्रेल | कार्यपालिका सदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री चेमन प्रकाश पोखरेल | नि. प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव | |

CamScanner

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को सातौ कार्यपालिकाको बैठकका

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।

२. नदीजन्य सामाग्रीको प्रयोग गर्ने सम्बन्धमा ।

३. योजना सम्बन्धमा ।

४. विविध

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०८/१८ गते बसेको छैटौ कार्यपालिका बैठकको निर्णयहरुको देहायबमोजिको समिक्षा गरियो ।

१.रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि विनियोजित योजनाहरुको योजना सम्झौता मिति २०८१ मंसिर मसान्तसम्म मात्र गर्ने गरी निर्णय गरिएको ।

२. रामपुर नगरपालिकाको खेल क्षेत्रको विकास, राष्ट्रपति रनिङ्ग शिल्ड लगायत अन्य खेलकुद प्रतियोगितामा रामपुर नगरपालिका भित्रका विभिन्न विद्यालयका विधार्थीहरुलाई अग्रस्थानमा ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले भक्तपुर जिल्ला निवासी BLACK BELT (SHODAN) सितोरियो कराते खेलाडी दिया थापालाई ३ महिनाको लागि खेल प्रशिक्षकको रुपमा सेवा सम्झौता गरिएको ।

३. शारीरिक, मानसिक स्वस्थता साथै आध्यात्मिक अभ्यास र अनुशासनको लागि मानव जीवनमा योग र ध्यानको महत्वपूर्ण भूमिका हुने हुदाँ रामपुर नगरपालिकाका विद्यालयका विधार्थीहरुलाई योग तथा संस्कार सिकाउनको लागि योग प्रशिक्षकको अति आवश्यक देखिएको हुनाले रामपुर नगरपालिका वडा नं. ६ निवासी सुदिप गैरेसँग सेवा सम्झौता गरिएकोमा निजलाई जिल्ला दररेट निर्धारण समिति, पाल्पाले आ.व. २०८१/०८२ का लागि तोकेको दैनिक ज्यालादारी रु ८२० उपलब्ध गराउने गरी ३५ दिनको लागि ज्यालादारीमा खटाइएको ।

४. लघु उद्यम विकास कार्यक्रम (मेडपा) शाखा अन्तर्गत कार्यरत रुपेश बहादुर सिंजापति र सोनिका विश्वकर्मा संघीय सशर्त प्राप्त हुन आउने तलब कार्तिक महिनासम्मको मात्र प्राप्त हुने र निजहरुको करार सम्झौता पुस मसान्त सम्म गरिएको हुनाले उक्त अवधिसम्मको तलब यस कार्यालयबाट नै भुक्तानी हुने गरी उपलब्ध गराउने निर्णय गरिएको ।

५. रामपुर नगरपालिका अन्तर्गत स्थापना भएको आयुर्वेद अस्पताल नगरपालिकाको सिमित श्रोत साधनबाट अस्पताल संचालन गर्ने सम्भावना कम भएको र नेपालको संविधान २०७२ को अनुसूचि ९ मा भएको व्यवस्था अनुसार स्वास्थ्य सेवा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्र भित्र रहेको हुँदा आवश्यक जनशक्ति, मेडिकल औंजार उपकरण (ओ.पि.डि., जनरल वार्ड, रेडियोलोजि, प्रयोगशाला, फर्निचर फर्निसिङ्ग, पूर्वकर्म/ पञ्चकर्म, सि एस एस डि युनिट) सहित सम्पूर्ण व्यवस्थापन गरि गुणस्तरीय आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा संचालनका गर्ने तथा नगर गौरवको आयोजनाका रुपमा संचालन गर्नका लागि स्थानीय तहको सिमिति स्रोत साधनलेमात्र सम्भव नभएको हुनाले संघीय तथा प्रादेशिक मन्त्रालयमा आवश्यक सहयोग र समन्वयको लागि आग्रह गर्ने निर्णय गरियो ।

६. कुशल कन्स्ट्रक्सन प्रा.लि. रामपुर नगरपालिका १०, पाल्पाको मिति २०८१/०८/०८ गतेको पत्रानुसार उक्त प्रा.लि.ले Upgrading of Deurali Swami Bhangyang Hatiya to Serkabass Road निर्माण कार्य गर्नका लागि आवश्यक १०० ट्रयाक्टर नदीजन्य निर्माण सामग्री उपलब्ध गराइदिनुहुन भनी निवेदन सहित माग गरेको साथै यस नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ का लागि विनियोजित योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र उक्त योजनाहरुको कार्यान्वयनका लागि निर्माणजन्य सामग्री अति आवश्यक रहेकोले यस रामपुर नगर कार्यपालिकाको छैटौ कार्यपालिकाको बैठकमा छलफल हुदाँ यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी उक्त कन्स्ट्रक्सन प्रा.लि. लगायत सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, निजी निर्माण कार्य प्रयोजन लगायतको लागि यस कार्यालयका नगर प्रहरीको निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको पानसय खोला घाटवाट उक्त कार्य गर्न अनुमति दिइएको ।

७. बाल क्लयाण प्राथमिक विद्यालय, रामपुर, पाल्पाको च.नं. १४, पत्र संख्या २०८१/०८२, मिति २०८१/०७/२५ गतेको पत्रानुसार उक्त विद्यालयले २५ औ वर्ष पुरा गरेको अवसरमा २५ औ वार्षिक उत्सव मनाउन गइरहेकोमा रजत

दिवस संचालन गर्नका लागि सहयोग माग गरेकोमा रु २५,०००/- (रु पच्चीस हजार) सहयोग गर्ने निर्णय गरिएको।

८. एज्मी मायरा कन्सट्रक्सन प्रा.लि. रामपुर-५ का प्रो शंकर बहादुर खाँणले यस कार्यालयले आह्वान गरेको ठेक्का नं. RMO/WORK/NCB/०५/०८१/०८२ को Construction of Blacktopped Road from Ratamata to Zero को कामका लागि Black Topped गर्नका लागि सबवेस माग गरेकोमा यस रामपुर नगर कार्यपालिकाको छैटौ कार्यपालिकाको बैठकमा छलफल हुदाँ यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको नाम्ले खोला घाटबाट उक्त कार्य गर्न अनुमति दिने निर्णय गरिएको ।

९. रामपुर नगरपालिका वडा नं. ८ निवासी युवराज खनालले निजको नाममा दर्ता कायम खालिवन कित्ता नं. ३५० र ७४० मा पर्ने खेत भौगलिक कारणले पहिरो जाने, बाटो बनाउने गर्दा सो जग्गामा रहेको गिट्टी, ढुङ्गा निकासी गरी खेती गर्ने आवश्यक भएकोले रामपुर नगरपालिकालाई कर तिरी सो जग्गाको गिटी, ढुङ्गा निकासी गर्न पाउ भनी मिति २०८१/०८/१४ गते यस कार्यालयमा निवेदन पेस गरेकोमा छैटौ कार्यपालिकाको बैठकमा छलफल हुदाँ आ.व. २०८१/०८२ का लागि लुम्बिनी प्रदेशको आर्थिक ऐनको दफा ८ प्राकृतिक स्रोतको संकलन तथा बिक्रि शुल्क बमोजिको अनूसूची ६ बमोजिमका कागजात पेस गरी तोकिए बमोजिमको राजस्व बुझाउने गरी उक्त कार्य गर्नका लागि अनुमति दिने निर्णय गरिएको ।

१०. आ.व. २०८१/०८२ को लागि स्थानीय सडक मर्मत संभार कार्य गर्न सडक बोर्ड नेपालबाट प्राप्त ५३,००,०००.००(अक्षररुपी त्रिपन्न लाख मात्र) बजेटबाट हुने सडक मर्मत कार्यको लागि सदावर्त स्लामपुर बेझाड सडक, दरै आँप अमिलि फेद सडक कालीआँप पृथ्वी चोक मो.बा. मर्मत योजना छनोट गर्ने निर्णय गरियो ।

११. रुपन्देही जिल्ला फुटवल संघ, बुटवल रुपन्देहीको मिति २०८१/०८/१२ गतेको पत्रानुसार अखिल नेपाल फुटवल संघको केन्द्रिय कार्यालय सातदोबाटो ललितपुर अन्तर्गत रुपन्देही जिल्ला फुटवल संघको मातहतमा रहेको एन्फा एकेडेमी बुटवलमा संचालन भइरहेको फुटवल प्रशिक्षणमा पाल्पा जिल्लाबाट छनौट भएका एक मात्र खेलाडी यस रामपुर नगरपालिका वडा नं. ६ बस्ने विपल्प गुरुङ्गले मासिक रुपमा प्रशिक्षण बापत रु ८,०००/-(आठ हजार) बुझाउनुपर्ने भएको र निजको परिवारको आर्थिक अवस्था कमजोर पनि भएकोले उक्त प्रशिक्षण

बापतको शुल्क नगर खेलकुद कार्यक्रम (मेयर कप लगायत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१२. विपद व्यवस्थापन कोष शिर्षक, आर्थिक सहायता शिर्षक लगायत विभिन्न शीर्षकहरुबाट विभिन्न सहयोग गरिएको ।

१३. ७ नं. वडा कार्यालय, रामपुर पाल्पाको च.नं. ४८८, पत्र संख्या २०८१/०८२, मिति २०८१/०८/१६ गतेको पत्रानुसार पाल्पा जिल्ला, रामपुर नगरपालिका वडा नं. ७ मा अवस्थित आधारभुत स्वास्थ्य केन्द्र र वडा कार्यालय एउटै भवनबाट सेवा प्रवाह गर्दै आएकोमा स्वास्थ्य क्षेत्र संवेदनशील भएको र विभिन्न हिसावले सुरक्षित तथा सम्पन्न, सुविधामैत्री छुट्टै भवन हुनुपर्ने आवश्यकता देखिएकोले छुट्टै आधारभुत स्वास्थ्य केन्द्र निर्माण गर्नुपर्ने देखिएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंमा भवन निर्माणका लागि आवश्यक रकम माग सहितको पत्र पठाइएको ।

१४. माथि उल्लेखित बाहेक अन्य विभिन्न विषयमा छलफल तथा निर्णय गरिएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा शहरी विकास तथा भवन कार्यालय, पाल्पा, नेपालको पत्र संख्या २०८१/०८२, च.नं. १७८, मिति २०८१/०९/०१ गतेको पत्रानुसार उक्त कार्यालयबाट कार्यान्वयनमा रहेको शहरी पूर्वधार विकास कार्यक्रम अन्तर्गत ग्रामिण विकास तथा साना शहरी पूर्वाधार निर्माण, रामपुर पाल्पा(ठेक्का नं. UDBOP-NCB-WORK-080/081-36) को रामपुर न.पा. वडा नं. ५ र ६ मा हुने विभिन्न निर्माण कार्यको लागि आवश्यक पर्ने गुणस्तरयुक्त स्थानीयउ निर्माण सामग्रीहरु यस नगरपालिकाको वडा नं. २ र ३ को बिचमा पर्ने निस्दी खोलाबाट यस आ.व. २०८१/०८२ मा समेत प्रशोधन गरी निर्माण कार्यमा प्रयोग गर्नुपर्ने भएकोले नियमानुसार आवश्यक प्रक्रिया पुरा गरी निर्माण कार्यमा कानून बमोजिम सहजीकरण गरिदिनुहुन भनी लेखी आएकोमा सो सम्बन्धमा कार्यपालिका बैठकमा छलफल हुदा

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ अन्तर्गत विनियोजन गरिएका योजनाहरुको हालसम्म योजनाहरुको कार्यान्वयनको प्रगति प्रतिवेदन सम्बन्धमा नगर उप-प्रमुख श्री बालकुमारी थापाज्यूबाट प्रस्तुतिकरण गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामपुर नगरपालिका नगरपालिका क्षेत्र भित्र भगवान रामसीताको मूर्ति स्थापनार्थ र रामपुर आकृति लेखनका लागि रामपुर नगरपालिका वडा नं. ५ को राम्चे क्षेत्रमा पूर्वमा भञ्ज्याङ्ग चौपारी सम्म, पश्चिममा राम्चे सामुदायिक वन सम्म, उत्तरमा राम्चे वन क्षेत्र सम्म, दक्षिणमा राम्चे वन क्षेत्र सम्म यति चार किल्ला भित्र पर्ने जग्गाहरु मध्ये उत्तर तर्फ मोहोडा भएको रामपुरको अधिकांश स्थानबाट दृश्यावलोकन गर्न मिल्ने निजी जग्गा न्यूनतम ६ रोपनी सम्म निःशुल्क जग्गा उपलब्ध गराउने ईच्छुक जग्गाधनीहरु (दाताहरु) का लागि मिति २०८१/०८/२० गतेबाट १५ दिनका लागि सूचना प्रकाशन गरिएकोमा जग्गा धनी सुन्दर प्रसाद श्रेष्ठ र बालकृष्ण श्रेष्ठले कि.नं. ३०९ क्षेत्रफल (२-९-१-० बाट २-०-०-०-) को जग्गा रामपुर आकृति लेखनका लागि साथै डिल कुमारी बस्याल र विष्णु प्रसाद बस्यालले कि.न.. ३१२ र ३१३ दुवै कित्ताबाट (४-०-०-०) उत्तर तर्फ भगवान राम सीताको मूर्ति स्थापनार्थ निजी जग्गाहरु निशुल्क रुपमा उपलब्ध गराउने भनी तोकिएको समयभित्र आवश्यक कागजात सहित निवेदन पेश गरेको हुनाले उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

५ . निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाबाट हरेक वर्ष नयाँ ५ वटा अटोहरु संचालन गर्नका लागि अनुमति दिने गरिएकोमा रामपुर नगरपालिका अन्तर्गत अटो दर्ताका लागि हाल सम्म निवेदन प्राप्त हुन आएका अटोलाई रु ५०,०००/- लिएर दर्ताको लागि अनुमति दिने साथै मनकामना ट्रेड लिङ्क, रामपुर-५ लाई वार्षिक ५ वटा अटो बेचबिखन गर्न पाउने गरि अनुमति दिने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा ४ नं. वडा कार्यालयको च.नं. ६१६, प.सं. २०८१/०८२, मिति २०८१/०८/१० को पत्रानुसार वि.सं. २०३५ साल देखी साविक दर्छा गाँउपञ्चायत देखी सेवा दिईरहेको, मिति २०४६ साल पछि दर्छा गाँउ विकास समिति देखी सेवा दिईरहेको, मिति २०७१ साल देखी साविक रामपुर नगरपालिका वडा नं. ६ र हाल रामपुर नगरपालिका ४ नं वडा कार्यालयवाट सेवा दिईरहेको भवनको परिसरले चर्चेको कि.न. ४९१ क्षेत्रफल २-१०-०-० को जग्गामा ४ नं वडा कार्यालयको भवन निर्माणको लागि मिति २०८१/५/२० गते उक्त वडाको जनप्रतिनिधी, पूर्व जनप्रतिनिधि,

CamScanner

वडाका राजनितिक दलका प्रमुख तथा प्रतिनिधि, टोल विकास संस्थाका संयोजक तथा प्रतिनिधि एवं वडाका वृद्धिजिवी सरोकारवालाहरुको बैठकको निर्णय वमोजिम उक्त जग्गा वडा कार्यालयको नाममा हुने गरी आवश्यक प्रक्रियाको लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गरिएकोमा नियमानुसार उक्त प्रक्रिया अगाडीं बढाउने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाकज्ञ Ref १७/२०८१/०८२, मिति २०८१/०८/२८ को पत्रानुसार उक्त संस्थाको स्तर वृद्धिका लागि नेपाल सरकार खानेपानी तथा ढल निकास व्यवस्थापन विभाग, सहलगानी खानेपानी तथा सरसफाई आयोजना व्यवस्थापन कार्यालयबाट खानेपानी Boring तथा Treatment Plant का लागि जग्गा उपलब्धताको प्रतिबद्धता पत्र माग भएको हुँदा रामपुर नगरपालिका वडा नं. ५ रामघाटमा रहेको अन्दाजी ६ रोपनी ऐलानी जग्गा नगरपालिकाबाट उपलब्ध गराईदिनुहुन भनि लेखि आएको हुँदा नियमानुसार उक्त प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामपुर नगरपालिका वडा नं. ५ मा रहेको वरुणेश्वर महादेव मन्दिरका अध्यक्ष कृष्ण प्रसाद भण्डारीले उक्त मन्दिरको पोखरीमा ग्रेगर जम्मा भैरहेको र सो बगरको कारणले पोखरीको दुवै पट्टीको किनाराको खेत तथा मन्दिरमा समेत वर्षातमा विपद हुनसक्ने भएकोले सो बगर सफा गर्न अनुमिति दिनुहुन भनी उक्त मन्दिर समितिको निर्णय सहित मिति २०८१/०९/०८ गते निवेदन पेश गरेकोमा उक्त विषयमा छलफल हुँदा उक्त मन्दिर वरपर रहेकाले उक्त क्षेत्र सरसफाइका लागि नदिजन्य सामाग्री परिमाणका आधारमा नगरपालिकामा राजश्व तिर्ने गरी सोही क्षेत्रमा पर्ने वडा कार्यालय, प्रहरी कार्यालय सँग समन्वय गर्ने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ अन्तर्गत विनियोजित कार्यक्रम नगर खेलकुद कार्यक्रम (मेयर कप लगाएत अन्य प्रशिक्षणमुलक कार्यक्रम) अन्तर्गत यस आ.व.मा अन्तरपालिका स्तरीय भलिवल प्रतियोगिता(महिला/पुरुष) संचालन गर्ने निर्णय गरियो । साथै संचालन बापत लाग्ने खर्च नगर खेलकुद कार्यक्रम (मेयर कप लगाएत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट कट्टा हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner

१०. निर्णय नं. १०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं ३ यस नगरपालिका अन्तर्गत जनसंख्याको हिसाबले पनि चाप भएको वडाहरुमध्येको वडा भएकोले उक्त वडामा रहेको वडा कार्यालयमा सेवाग्राहीको चाप अत्याधिक धेरै रहेको साथै स्वास्थ्य चौकीमा समेत बिरामीको अत्याधिक चाप रहेको छ तसर्थ स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित गर्ने अत्यन्त जरुरी देखिएकोले उक्त वडाको सानी अमराइमा रहेको शहरी स्वास्थ्य केन्द्र रजघराका लागि आफ्नो नाममा जग्गा नभएकोले ३ नं. वडा कार्यालयका नाममा दानपत्रको लिखत पारीत गर्न साविक दर्छा गा.वि.स. वडा नं. १ भई हाल रामपुर नगरपालिका वडा नं. ३ बस्ने प्रेम नारायण पराजुलीको छोरा दिपक पराजुलीको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक दर्छा गा.वि.स. वडा नं. १ भई हाल रा.न.पा.३ को कि.नं. ३३४४ को क्षेत्रफल २-३-०-० दोयम पाखो (आवसिय क्षेत्र) को जग्गा उत्तर पश्चिम तर्फ ०-४-२-३ जग्गा ३ नं. वडा कार्यालयको नाममा पास गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाइदिनुहुन भनी ३ नं. वडा कार्यालयको पत्र संख्या २०८१/०८२, च.नं. ६७६, मिति २०८१/०९/०७ गतेको पत्र प्राप्त भएको हुँदा आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपालको संविधानको धारा ५७ को उपधारा (४) बमोजिम अनुसूची ८ को बुँदा नं. ४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (३), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (१) साथै लुम्बिनी प्रदेश मनोरञ्जन कर नियमावली, २०७६ बमोजिम चलचित्र घर, नाटकघर, भिडियोघर, थियटर, सर्कस, जादु, चटके, सांस्कृतिक प्रदर्शनी, व्यापार मेला, दोहरी साँझ, डान्सबार, फन पार्क, वाटर गार्डेन, बाल उद्यान, केवल नेटवर्क र डिस टेलिभिजन साथै प्रवेश टिकट लिएर सञ्चालन गरिने मनोरञ्जनात्मक व्यवसायहरुले नगरपालिकासँग समन्वय गरी नियमानुसार मनोरञ्जन कर तिर्ने शर्तमा मात्र त्यस्ता व्यवसाय/कार्यक्रम संचालनका लागि अनुमति दिने निर्णय गरियो ।

१२. निर्णय नं. १२ , प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | नामथर | वडा नं. | विवरण | राहत लिएको रकम | शिर्षक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ज्ञनेन्द्र वि.क. | रा.न.पा-०७ | निजको आमा हुमा कुमारी वि.क.को मृत्यु भएकोले काजक्रिया बापतको रकम | रु १२,०००/- (रु बाह्र हजार मात्र) | आर्थिक सहायता शीर्षक |
| २ | खगनाथ न्यौपाने | रा.न.पा-३ | मोटरसाइकल दुर्घटनामा परी घाइते भएको | रु २०,०००/- (रु बिस हजार मात्र) | आर्थिक सहायता शीर्षक |
| ३ | गोविन्द प्रसाद ढुवाडी | रा.न.पा-३ | मुटु सम्बन्धी रोगी | रु १०,०००/- (रु बाह्र हजार मात्र) | आर्थिक सहायता शीर्षक |
| ४ | उमा माया घर्ति | रा.न.पा-६ | निजको श्रीमानको डेम बहादुर घर्तीको मृत्यु भएको काजक्रिया खर्च | रु १२,०००/- (रु बाह्र हजार मात्र) | आर्थिक सहायता शीर्षक |
| ५ | जगत कुमारी श्रेष्ठ | रा.न.पा-५ | निजको छोरी समिक्षा श्रेष्ठ खेल्ने क्रममा दुवै खुट्टा भाचिएको | रु १०,०००/- (रु बाह्र हजार मात्र) | आर्थिक सहायता शीर्षक |

१३. निर्णय नं. १३ , प्रस्ताव नं. ४ माथि छलफल गर्दा SAPANA NIRMAN SEWA (P) LTD को मिति २०८१/०९/०७ गतेको पत्रानुसार उक्त प्रा.लि. र सडक विभाग, पुल महाशाखा, पुल सेक्टर पोखरा बिच सम्झौता भएको पुल निर्माण कार्य, ठेक्का नं. Design and Build of Kaligandaki River Bridge, Connecting Ariyale Chapkot NP १०, Syangja and Hosdi Rampur NP १०, Palpa, Syangja/Palpa Contract No. BBPCU-DB-३३७०११२२४-०७८/०७९-३१ को निर्माण कार्य संचालन भइरहेको हुदा उक्त पुल निर्माणको लागि आवश्यक पर्ने २०० घ.मी. ग्रावेल उपलब्ध गराइदिनुहुन भनी लेखि आएकोमा नदिजन्य सामाग्री परिमाणका आधारमा नगरपालिकामा राजश्व तिर्ने गरी सोही क्षेत्रमा पर्ने वडा कार्यालय, प्रहरी कार्यालय सँग समन्वय गर्ने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा IEE भएको ठेक्कामा नगएको वडा नं. १० को पानसय खोलाघाटबाट उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

१४. निर्णय नं. १४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको स्रोत अनुमान तथा वजेट निर्धारण समितिको मिति २०८१/०९/०१ गते बसेको बैठकबाट प्राप्त हुन आएको आ.व. २०८२/०८३ को आय/व्यय प्रक्षेपण सम्बन्धी प्रतिवेदनका सम्बन्धमा छलफल गरियो साथै उक्त विवरण अर्थ मन्त्रालय, काठमाडौं र आर्थिक मामिला तथा योजना मन्त्रालय, देउखुरी दाङमा पठाउने निर्णय गरियो ।

CamScanner

सहभागिताको लागि खेलाडी पठाउने साथै रु ७०,०००/-(रु सत्तरी हजार) नगर खेलकुद कार्यक्रम (मेयर कप लगायत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१७. निर्णय नं. १७, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाको आयोजनामा मिति २०८१/०८/१५ गते र १६ गते संचालन गरिएको Meditation and Motivation कार्यक्रम संचालन गर्दा भएको खर्च विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

१८. निर्णय नं. १८, प्रस्ताव नं. ३ माथि छलफल गर्दा कर्मचारी सूचना व्यवस्थापन प्रणाली (पि. आई. एस. सिस्टम) को माध्यमबाट नगरपालिका मातहतका कार्यालयको कर्मचारी सूचना व्यवस्थापन आधुनिक प्रविधियुक्त माध्यमबाट अभिलेखीकरण तथा रेपोर्टिङ गर्न सकिने र व्यवस्थित रुपमा कर्मचारी सम्बन्धी सम्पूर्ण विवरणहरु अभिलेखीकरण गर्न सकिने हुदाँ कर्मचारी सूचना व्यवस्थापन प्रणाली(P.I.S) प्रणाली लागु गर्ने निर्णय गरियो ।

१९ निर्णय नं. १९, प्रस्ताव नं. ३ माथि छलफल गर्दा उत्तर बाहिनी टेक्निकल ईन्सिटच्यूट प्रा.लि. ग्लायङ्ग, स्याङ्जाले पेश गरेको निवेदन अनुसार मिति २०८१/०८/३० गतेका दिन यस नगरपालिका अन्तर्गतका करिब ४५० विधार्थीहरुलाई उत्प्रेरणात्मक कार्यक्रम संचालन गर्न गइरहेकोमा उक्त कार्यक्रम संचालनका लागि आर्थिक सहयोग माग गरेकोमा विभिन्न संघ, संस्था तथा विद्यालय सहायता खर्च शीर्षकबाट कट्टा हुने गरी रु ५०,०००/-(रु पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

२०. निर्णय नं. २०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ५ स्थित सुन्दरटोल हाडेखोल्सामा यस नगरपालिका अन्तर्गत संकलन गरिएको फोहरमैला व्यवस्थापन गरिरहेकोमा हाल नगरपालिका अन्तर्गतको डोजर नगरपालिकाका विभिन्न योजनाका काममा व्यस्त रहने हुँदा उक्त कार्य कोटेशन प्रक्रिया मार्फत गर्ने निर्णय गरियो ।